# जनअधिकार पार्टीको चुनावी घोषणा पत्र २०८२

## पृष्ठभूमी

अहिले देशमा संघीय लोकतान्त्रिक गणतन्त्रतात्मक व्यवस्था छ। संघीयताको जननी मधेश प्रदेश हो । मधेशी, आदिवासी, दलित, जनजाती, महिला, मुश्लिम, थारु, जेनजी, पिछडावर्ग, सिमान्तकृत समुदायले गरेको गौरवपूर्ण संघर्षलाई कदापी बिर्सन सकिदैन् । ती संघर्षका क्रममा सहादत्त दिएका तमाम शहीदहरुप्रति सर्वप्रथम हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

मधेशीको बलिदानीबाट संघीयता आएपनि त्यसको स्वाद मधेशीले हालसम्म चाख्न पाएको स्थिति छैन् । स्वास्थ्य, शिक्षा, कृषि, भौतिक पूर्वाधारसहितका क्षेत्रको सूचकांकलाई नियाँल्ने हो भने मधेश प्रदेश अन्य प्रदेशभन्दा पछाडि छ ।

संघीयता आएपछि पहिलो पाँच बर्ष आफूलाई मधेशी भनिने दलहरुले नै सरकारको नेतृत्व गऱ्यो । अहिले केही दिन अगाडि नेपाली कांग्रेसले नेतृत्व लिँदा दोस्रो कार्यकालको तीन बर्ष मधेशी दलले नै मधेश प्रदेशको नेतृत्व गऱ्यो । तर, दुःखको कुरा प्रदेशको कुनै पनि सूचकांकमा सुधार आउन सकेको छैन् ।

मधेश उर्वरमूमी हो । यहाँका अधिकांस बासिन्दा कृषिमा निर्भर छन् । कृषिलाई व्यवसायीकतातर्फ रुपान्तरित गर्दै अघि बढाउन सकिन्थ्यो । संघीयता अघिसम्म शिक्षा क्षेत्रमा एकदमै मजबुत देखिएको मधेश प्रदेश अहिले शिक्षामा देशमै पछाडि छ । यो अवधीमा प्रदेशलाई नै शिक्षित बनाउन सक्नुपऱ्थ्यो । कुनै पनि जिल्ला हालसम्म साक्षर घोषणा हुन सकेको छैन् ।

प्रदेशमा भौगोलिक सुगमता, उर्वर भूमी,पूर्वाधारमा सरल पहुँच लगायत श्रोत साधनले सम्पन्न भएपनि मानव विकास सूचकांक, साक्षरता दर, रोजगारीसहित शिक्षा र स्वास्थ्यमा पनि त्यत्तिकै कमजोर स्थिति छ । संघीयताको झण्डै एक दशक भएपनि प्रदेशका आन्तरिक श्रोतको दायरा विस्तार हुन सकेको देखिएको छैन् । प्रदेशका जनताले हालसम्म सुशासनको अनुभूति गर्न नसक्नु झन दुःखको कुरा हो ।

प्रदेशमा बहुआयामिक गरिबी दर अन्य प्रदेशभन्दा उच्च छ । तथ्यांकमा हेर्ने हो भने बहुआयामिक गरिबी दर ४७ प्रतिशतको हाराहारीमा छ ।

मधेशी भनिने दलले नै प्रदेशको नेतृत्व लिनु र यस्तो अवस्थामा छाडिनुलाई ठीक भन्न सकिन्न । अधिकारको आन्दोलनबाट जन्मको मधेशी दलहरु आफ्नो व्यक्तिगत अधिकार खोज्नु, परिवारवाद र आफन्तमै रमाएका कारण प्रदेशको विकास हुन नसकेको जनअधिकार पार्टीको ठहर छ ।

## मधेशी दलले पाएको माया र बिर्सेको बलिदान

मधेशमा बलेको आगो र दिइएको बलिदानीबाट २०६३ सालमा उदाएको तत्कालिन मधेशी जनअधिकार फोरमलाई २०६४ साल चैत २८ गते भएको पहिलो संविधानसभा निर्वाचनमा जनताले ५३ सिट संविधानसभामा दियो ।

२०७४ सालमा भएको निर्वाचनमा तत्कालिन मधेशी जनअधिकार फोरम (जसको नाम अहिलेसम्म आउँदा जनता समाजवादी पार्टी, नेपाल बनेको छ) र तत्कालीन राष्ट्रिय जनता पार्टीलाई प्रदेशमा सरकार बनाउने जिम्मा जनताले सुम्पिदिएको जगजाहेर छ ।

तर, अहिलेसम्म आउँदा यी दुई दलका नेता को कहाँ छन्, के गरिरहेका छन् ? भन्ने स्थिति सबैलाई थाहा भएकै हुनुपर्छ ।

अब, मधेशी नामबाटै उदाएको जनमत पार्टीको कुरा गरौं । २०७९ को चुनावअघि प्रदेशमा भ्रष्टाचार मात्रै बढेको बताउँदै आएको जनमत पार्टीले झण्डै डेढ बर्ष प्रदेशको नेतृत्व गऱ्यो । यो अवधीमा यो पार्टी पनि व्यक्तिगत स्वार्थमै रुम्लिएको देखियो । यो पार्टीले पनि प्रदेशमा उल्लेख्नीय काम गर्न सकेन् । र, हरेक सूचकांक पुरानै अवस्थामा यथावत छ ।

मधेशी पार्टीको नाम धेरै पटक फेरियो, नेता र नेताको प्रबृत्ति नफेरिएका कारण विकास हुन नसकेको भन्दा अनुप्युक्त नहोला ।

यस्तै अवस्थामा २३ र २४ भदौ २०८२ मा जेनजी बिद्रोह भयो । त्यो बिद्रोह सुशासनका निम्ति थियो । मधेश प्रदेशकै नेताहरुले राम्रो अवस्थामा ल्याइदिएको भए कम्तीमा मधेश जल्दैनथ्यो ।

यहीं अवस्थाहरुलाई गम्भीरतापूर्वक नियाँल्दै जन अधिकार पार्टीको जन्म भएको हो । मूलतः मधेश प्रदेशको विकासका साथसाथै लोकतन्त्र, गणतन्त्र, संघीयता, सामाजिक न्याय, समावेशिता, अभिव्यक्ति स्वतन्त्रता र सनातनीको रक्षाका निम्ति प्रतिबद्ध रहँदै अघि बढ्ने प्रणका साथ यो घोषणा पत्र तयार गरेका छौं ।

हामी सार्वजनिक सेवा प्रवाहलाईं चुस्त–दुरुस्त बनाउन, प्रदेश र स्थानीय तहको सम्बन्धलाई सुदृढ गर्दै विकासीय कामलाई जोड दिन, प्रदेशलाई आर्थिक रुपमा सशक्त बनाउन आन्तरिक आय वृद्धिका कार्यक्रमहरु ल्याउन, प्राकृतिक श्रोतसाधन परिचालन गरी प्रदेशलाई समृद्धीतर्फ अगाडि बढाउन, विकास साझेदारहरुसँग समन्वय र सहकार्य गरी प्रदेशको विकासका खाका कोर्न, छुवाछुतको अन्त्य गरी सामाजिक न्याय प्रदान गर्न अग्रपंक्तिमा रहने प्रतिबद्धता जनाउँदछौं ।

**हामीलाई विजयी बनाउनुभएमा निम्न क्षेत्रहरूमा निम्न कामहरू गर्ने संकल्प गर्दछौं ।**

## ☞ शिक्षा क्षेत्र

मधेश प्रदेशको शिक्षा क्षेत्र दिनप्रतिदिन कमजोर बन्दै गएको कसैसँग लुकेको छैन् । यसको सुधारका लागि हामी गम्भीर भएर निम्न कामहरु गर्नेछौं ।

-सामुदायिक विद्यालयहरुको नियमित अनुगमनको व्यवस्था मिलाइनेछ ।
-विद्यालय नजिकै घर भएका शिक्षकलाई कम्तीमा अर्को पालिकाको विद्यालयमा सरुवा गराइनेछ ।
-विद्यालय व्सवस्थापन समितिलाई राजनीतिबाट मुक्त गरिनेछ ।
-हरेक समुदायमा आ-आफ्ना बालबालिकालाई दैनिक विद्यालय पठाउन चेतना प्रवाह गरिनेछ ।
-पाँच बर्षभित्र प्रदेशका सबै वडा, सबै पालिका र सबै जिल्लालाई साक्षर घोषणा गराइनेछ ।
-अति विपन्न डोम, मुसहर, चमारसहित पछाडि पारिएकाको बालबालिकालाई कम्तीमा स्नातकसम्मको शिक्षा निःशुल्क प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।
-प्रत्येक जिल्लामा प्राविधिक धारका कम्याम्पसहरु स्थापनाका लागि कामहरु गरिनेछ ।
-उत्कृष्ट विद्यार्थी, उत्कृष्ट शिक्षकलाई पुरस्कारको व्यवस्था मिलाइनेछ ।
-सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार, स्तरन्नोतिका लागि सधैं प्रतिबद्ध रहनेछौं ।
-मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, मधेश कृषि विश्वविद्यालयसहितका मधेशका अन्य शिक्षालयलाई समृद्ध बनाउन कामहरु गरिनेछ ।

## ☞ स्वास्थ्य क्षेत्र

व्यक्तिको सबैभन्दा ठूलो धन नै स्वास्थ्य हो । स्वास्थ्य नभए व्यक्ति जीवनमा केही गर्न सक्दैनन् । यसका लागि हामी निम्न कामहरु गर्नेछौं ।

-संघीय सरकार अन्तर्गत रहेको गजेन्द्रनारायण सिंह अस्पता राजविराज र नारायणी उप क्षेत्रिय अस्पताल वीरगंजसहित अन्य ६ जिल्लाका प्रादेशिक अस्पतालमा दरबन्दी अनुसारको चिकित्सकको व्यवस्था गराइनेछ ।
-सबै अस्पतालमा स्वास्थ्य सम्बन्धी अपुग उपकरणहरुको व्यवस्था मिलाइनेछ ।
-सबै स्वास्थ्य संस्था, बर्थिङ सेन्टरहरुको सेवभा प्रभावकारी बनाइनेछ ।
-गरीब र पछाडि पारिएकाहरुको स्वास्थ्योपचार निःशुल्क रुपमा गरिने व्यवस्था मिलाइनेछ ।
-कुलतमा लागेका युवाहरुलाई सामान्य जीवनमा फर्काइनेछ ।

-प्रदेशमा रहेको आमा र शिशुको उच्च मृत्युदरलाई न्यूनिकरण गर्न विभिन्न कार्यक्रमहरु संचालन गर्न लगाइनेछ ।

-कम आय भएका गरीब, दलित, विपन्न र पछाडि पाारिएका सुत्केरी महिला र नवजात शिशुको पोषणका लागि भत्ताहरु उपलब्ध गराइनेछ ।

## ☞कृषि क्षेत्र

मधेश प्रदेशको मुख्य मेरुदण्ड कृषि नै हो । यो क्षेत्रलाई राम्रो बनाउन सकिए प्रदेश मात्र होइन देशलाई नै समृद्ध बनाउन सकिन्छ । कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर अगाडि बढे यो प्रदेश चाँडै विकासको पथमा अघि बढ्नेछ । यसका लागि जन अधिकार पार्टीले निम्न काम गर्नेछ ।

-किनासलाई खेती गर्नका लागि प्रोत्साहित गरिनेछ । यसका लागि आवश्यक मल, सिंचाई, बिऊबिजनको व्यवस्था गरिनेछ ।

-कृषि क्षेत्रमा विद्युतिकरण गरी किसानलाई नि:शुल्क उपलब्ध गराउने काम गर्नेछौं ।

-किसानका लागि बाली बिमा लागू गर्दै पेन्सनको व्यवस्था गरिनेछ ।

-पशुपन्छीपालक, मत्स्यपालक किसानका लागि आवश्यक सहयोग उपलब्ध गराउन तयार रहनेछौं ।

-कृषिलाई आधुनिकीकरण, व्यवसायीकीकरण, यान्त्रिकीकरण र बजारीकरणका लागि आवश्यक सबै कामहरु गर्नेछौं ।

-उखु किसानका लागि सहुलियत प्रदान गर्दै उचित मूल्य निर्धारणका लागि तत्पर रहनेछौं ।

-फलफूल र तरकारी खेती गर्ने किसानका लागि आवश्यक सहुलियतहरु प्रदान गराउनेछौं ।

-कृषि उत्पादकत्व, पशुपन्छीमा रोग, महामारी लागेमा त्यसको नियन्त्रण गर्नका लागि अग्रसर रहनेछौं ।

-प्रदेशका आठै जिल्लामा कोल्डस्टोर निर्माणका लागि पहल गर्नेछौं ।

-सहकारी जनतासँग जोडिएको कुरा हो । यसलाई थप व्यवस्थित बनाउँदै जनताको जिविकोपार्जनका लागि कामहरु गरिनेछ ।

-समग्र राष्ट्रको अर्थतन्त्र बलियो बनाउनका लागि मधेश प्रदेशमा कृषि एवं उद्योगमा लगानीको वातावरण सुनिश्चिततताका लागि पहल गरिनेछ ।

-कृषि क्षेत्रमा चकलाबन्दी व्यवस्थालाई प्रश्रय दिइनेछ ।

## ☞वन तथा वातावरण क्षेत्र

मधेश प्रदेशमा चुरे जंगल पनि छ । यो क्षेत्रको विकासका लागि यो पार्टी निम्न कामहरु गर्नेछ ।

-वनको दिगो व्यवस्थापनका योजनाहरु बनाई कार्यान्वयन गराउने ।
-जैविक विविधता, जलाधार, सिमसार क्षेत्रको संरक्षणका लागि कामहरु गर्ने ।
-अवैद्य रुख कटान, खोला/नदीको दोहन रोक्न कामहरु गर्ने ।
-वन क्षेत्रलाई डढेलोबाट जोगाउने ।
-वृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिने/दिलाउने ।
-कोशी टप्पु वन्यजन्तु आरक्ष, पर्सा वन्यजन्तु आरक्षसहितका क्षेत्रलाई थप व्यवस्थित बनाउँदै पर्यटकीय क्षेत्रको रुपमा समेत विकास गर्ने ।
-गत बर्ष मात्रै पानीको सतह घटेर खानेपानीकै हाहाकार भएकाले जल पुनरभरन र भूमीगत जलस्तर लाई बढाउन कामहरु गर्ने ।
-सप्तकोशी, बलान, कमला, बागमतीसहितका नदीहरुको संरक्षण, व्यवस्थापनमा ध्यान दिने ।

## ☞श्रम क्षेत्र

मधेश प्रदेशको श्रम अवस्था कहालिलाग्दो छ । स्थानीयस्तरमा रोजगारी छैन् । रोजगारी भएपनि उचित श्रम छैन् । जनअधिकार पार्टी श्रम क्षेत्रमा निम्न कामहरु गर्नेछ ।

-स्थानीयस्तरमै रोजगारीको सृजना गर्ने/गराउने । यसका लागि श्रम बजारहरुको सर्वेक्षण गर्ने ।
-आवश्यक शिपमूलक तालिमहरुको आयोजना गर्ने । गरीब, विपन्न, पछाडि पारिएकाहरुलाई सहभागी गराउने ।
-वैदेशिक रोजगारीबाट फर्केर आउनेको गुण र शीप स्थानीयस्तरमा लागू गराउँदै साना, मझौला उद्योगहरु संचालनका लागि पहल गरिने । जसका कारण थप रोजगारको सृजना गर्न सकिन्छ ।
-बालश्रमबिरुद्ध काम गर्ने, श्रम शोषण हुन नदिन चनाखो रहने ।

## ☞यातायात क्षेत्र

यातायात क्षेत्रमा यो पार्टीले निम्न कामहरु गर्नेछ ।

-सडकलाई सुरक्षित बनाउन आवश्यक योजनाहरु बनाई कार्यान्वयन गराउने ।
-दुर्घटना न्यूनिकरणका योजनाहरु तयार गरी कार्यान्वयन गराउने ।
-सरकारी सबारी साधनहरुको दुरुपयोग हुन नदिन कामहरु गर्ने ।
-यातायात क्षेत्रमा काम गर्ने मजदूरहरुको हकहितका लागि काम गर्ने ।

## ☞उद्योग वाणिज्य तथा पर्यटन क्षेत्र

मधेश प्रदेशमा उद्योग, वाणिज्य तथा पर्यटन क्षेत्रमा निम्न कामहरु हामीले गर्नेछौं ।

-प्रदेशका आठ वटै जिल्ला भारतीय सीमासँग जोडिएको छ । सीमासँग जोडिएका सडकहरु निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

-नीजि क्षेत्रसँग समन्वय गरी उद्योग, कलकारखाना स्थापना गरिनेछ ।

-जनकपुरधामको जानकी मन्दिर, सप्तरीको छिन्नमस्ता र कंकालिनी मन्दिर, पर्साको गहबामाई, महोत्तरीको जलेश्वरनाथसहितका आठ वटै जिल्लाका धार्मिक पर्यटनको विकासका लागि कामहरु गर्नेछौं ।

-प्रदेशस्थित सबै पर्यटकीय स्थलको विकासका लागि तत्पर रहनेछौं ।

-उपभोक्ताको हित संरक्षणका लागि आवश्यक योजनाहरु बनाएर कार्यान्वयन गराउनेछौं ।

-युवा स्वरोजगार अभिवृद्धिका कार्यक्रमहरु ल्याउन दत्तचित्त भएर काम गर्नेछौं ।

## ☞सुरक्षा क्षेत्र

मधेश प्रदेशमा सुरक्षा क्षेत्र अहिले पनि कमजोर स्थितिमा छ । हामी यस क्षेत्रमा निम्न अनुसार को कामहरु गर्नेछौं ।

-सुरक्षा निकायलाई नेपालको संविधान, ऐन, नियम तथा नियमावली बमोजिम परिचालन गराउन राज्यको खबरदारी गरिरहनेछौं ।

-सुरक्षा निकायसँग समन्वय गर्दै निर्दोषमाथि ज्यादती हुन नदिन र अपराध गरेकालाई कानुन अनुसार को कार्वाही गराउन तत्पर रहनेछौं ।

-प्रदेशसभत्र आगलागी, बाढीजस्ता प्राकृतिक प्रकोपबाट बच्न चेतना अभिबृद्धि गर्दै प्रकोपमा परेकालाई सहयोग गराउन कामहरु गर्नेछौं ।

## ☞खेलकुद क्षेत्र

खेलकुद व्यक्तिका लागि महत्वपूर्ण मानिन्छ । हामी यो क्षेत्रका लागि निम्न कामहरु गर्नेछौं ।

-फुटबल, क्रिकेट, कराँते, भलिवलसहितका सम्पूर्ण खेलको विकासका लागि तत्पर रहनेछौं ।

-सामुदायिक विद्यालयहरुमा अतिरिक्त कृयाकलापको रुपमा खेलकुद गराउन पहल गरिनेछ ।

-खेल मैदानको निर्माण, भएका मैदानहरुको स्तरन्नोति, मर्मत सम्भारका लागि कामहरु गर्नेछौं ।

### ☞भौतिक पूर्वाधार क्षेत्र

**यो क्षेत्रका लागि हामी निम्न कामहरु गर्नेछौं ।**

**-ग्रामिण क्षेत्रलाई शहरसँग जोड्ने सडकहरुको निर्माणका लागि पहल गर्ने ।**
**-सडक नभएका ठाउँहरुमा नयाँ सडक निर्माण गरी मधेशी शहीदको नाममा नामांकरण गराउने ।**
**-बर्षाको समयमा बाढी जाने नदीहरुमा पुल निर्माण गराउने । तत्काल पुल निर्माण हुन नसकेपनि झोलुङे पुल तयार पार्ने ।**

### ☞सार्वजनिक सेवा

**हरेक मानवका लागि सार्वजनिक सेवा महत्वपूर्ण छ । हामी यो क्षेत्रमा निम्न कामहरु गर्नेछौं ।**

**-हरेक सरकारी कार्यलयका सार्वजनिक सेवा प्रवाहलाई प्रविधी मैत्री बनाइनेछ ।**
**-कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि कामहरु गरिनेछ ।**
**-हरेक सेवा प्रवाहलाई कागजरहित बनाउन पहल गरिनेछ ।**
**-कर्मचारी प्रशिक्षण केन्द्रहरुको स्थापना गरिनेछ ।**
**-सार्वजनिक सेवामा राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कार तथा गलत गर्नेलाई कार्वाहीको दायरामा ल्याउने प्रबृत्तिको विकास गरिनेछ ।**

### ☞संस्कृति र संस्कार

**संस्कृति र संस्कार व्यक्तिका लागि अर्को महत्वपूर्ण क्षेत्र हो । हामी यसका निम्ति निम्न कामहरु गर्न प्रतिबद्ध छौं ।**

**-संस्कृति र संस्कार बुझ्न कक्षा ५ देखि नै छुट्टै पाठ्यक्रम लागू गराउनेछौं**
**-संस्कारसँग अनुशासन गाँसिएको विषय भएकाले कक्षा ५ देखि नै नैतिक शिक्षा अनिवार्य गराउनेछौं ।**
**-सनातनीहरुको संस्कृत भाषा लोप हुने क्रममा रहेकाले यो विषय पनि विद्यालयहरुमा लागू गराउनेछौं ।**
**-हरेक जातीको कला, संस्कृति, चाडपर्वको जगेर्ना गर्नका निम्ति कामहरु गर्नेछौं ।**

त्यसैले यी कामहरू गर्ने मौका प्रदान गर्न जन अधिकार पार्टीको चुनाव चिन्ह नाउँ (डुँगा) मा मोहर लगाई हाम्रा उम्मेदवारलाई अत्यधिक मतले विजयी बनाउनुहुन सम्पूर्ण मतदाताज्यूसँग हार्दिक अनुरोध गर्दछौं।